# स्थानीय राजपत्र


## भानु नगरपालिकाद्वारा प्रकाशित

**खण्डः ०६** **संख्याः ०६** **मितिः २०८०/०६/१५**


## भाग-२

## भानु नगरपालिका

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको निर्देशिका सर्वसाधरणको लागि प्रकाशन गरिएको छ ।

# भानु नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०८०

प्रस्तावनाः **प्रमाणिकरण मिति : २०८०/०५/२७**

नेपालको संविधानको अनुसूची-८ बमोजिम उपभोक्ता हित संरक्षणार्थ बजार अनुगमनको जिम्मेवारी स्थानीय तहलाई तोकिएकामा सो संबैधानिक दायित्व कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधीनमा रही उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हितकायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल वा प्रवेश विन्दु, ढुवानी मार्ग, भण्डारण तथा संचयस्थल, थोक तथा खुद्राबिक्रि स्थल र उपभोग स्थल लगायतका ठाउँहरूमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर,

नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापहरुको नियमन गर्न तत्काल नगरपालिकाबाट नियमित रुपमा प्रभावकारी बजार अनुगमन गर्न आवश्यक भएकाले नेपालको संविधानको धारा ५१ को (घ) (७), नेपालको संविधानको धारा ४४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (७), दफा १०२ को उपदफा (२), प्रतिस्पर्धा प्रर्वद्धन तथा बजार संरक्षण ऐन २०६३, प्रतिस्पर्धा प्रर्वद्धन तथा नियमावली २०६६ र उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ६४अधिकार प्रयोग गरी भानु नगर कार्यपालिकाको मिति २०८०/०५/२७ को बैठकबाट पारित गरी यो निर्देशिका जारी गरिएको हो ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नाम "भानु नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०८०" रहेको छ ।

(ख) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"समिति" वा "उपभोक्ता हित संरक्षण समिति"** भन्नाले दफा ४ बमोजिम नगरपालिकाको प्रमुखको संयोजकत्वमा गठित समिति बुझ्नु पर्दछ ।

(ख)**"प्रमुख"**भन्नाले भानु नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ग)**"उप प्रमुख"**भन्नाले भानु नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(घ)**"कार्यालय"** भन्नाले भानु नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ)**"अनुगमन टोली"** भन्नाले दफा ८ अनुसार विशेषज्ञ सहित गठन भएको बजार अनुगमन टोली सम्झनु पर्दछ ।

(च)"**वस्तु"** भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुको संमिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ ।

(छ)**"सेवा"** भन्नाले व्यवसायिक सेवा, संचार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तीय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा

खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर/पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरू सम्झनु पर्दछ ।

(ज) "**प्रदायक**" भन्नाले वस्तु वा सेवाको उत्पादक, ढुवानीकर्ता, भण्डारण वा विक्रिवितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(झ) **"विक्रेता"** भन्नाले वस्तु वा सेवाको उत्पादक, थोक वा खुद्रा विक्रेता, सेवा प्रदायक सम्झनु पर्दछ । सो शब्दले होटल, लज, होष्टेल, खाजाघर संचालक आदिलाइ समेत जनाउने छ ।

**(ञ)"स्थानीय सरकार"** भन्नाले भानु नगरपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## उपभोक्ता हित संरक्षण समिति

३. उपभोक्ता हित संरक्षण समिति

उपभोक्ताको हित संरक्षण सम्बन्धी बिषयमा आवश्यक नीतिगत व्यवस्था गर्नतथा बजार अनुगमन कार्यलाई मार्गदर्शन एंव समन्वय गर्नको लागिभानुनगर कार्यपालिकाले उपभोक्ता हित संरक्षणसमितिको गठन गर्नेछ ।

४.उपभोक्ता हित संरक्षण समितिको गठन देहाय अनुसार हुनेछ :

| | | |
|---|---|---|
| (क) | उप-प्रमुख | -संयोजक |
| (ख) | आर्थिक समितिका संयोजक | -सदस्य |
| (ग) | स्वास्थ्य शाखा प्रमुख, कृषि शाखा प्रमुख, पशु सेवा शाखा प्रमुख, योजना शाखा प्रमुख (एक एक जना गरी चार जना) | - सदस्य |
| (घ) | सम्बन्धित उद्योग बाणिज्य संघको प्रतिनिधि | -सदस्य |
| (ङ) | स्थानीय चेम्बर अफ कमर्शको प्रतिनिधि (१ जना) | -सदस्य |
| (च) | उपभोक्ता हित संरक्षणमा क्रियाशील संस्था वा ब्यक्तिहरुमध्येबाट प्रमुखबाट मनोनित एक जना | -सदस्य |
| (छ) | कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने इकाईका प्रमुख | -सदस्य सचिव |

**५. उपभोक्ता हित संरक्षणसमितिका काम कर्तब्य र अधिकार**

क. उपभोक्ता हित संरक्षणको लागि आबश्यक नीतिगत ब्यवस्था गर्ने ।

ख. अनुसुची १ बमोजिमको अत्यावश्यक बस्तुहरुको माग र आपूर्तिको अवस्था सम्बन्धीतथ्याङ्क संकलन र मागको प्रक्षेपण गर्ने,

ग. समितिले यस निर्देशिकाको दफा (८) २ अनुसार गठित अनुगमन टोलीद्वारा अनुसूची-२ को फारममा उल्लेख भए अनुसार प्रस्तुत गरेको बजार अनुगमन सम्बन्धी प्रतिवेदन माथि विश्लेषण गरी आवश्यक निर्देशन दिने,

(च) उपभोक्तको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(छ) बजार अनुगमन सम्बन्धी कामको मूल्याङकन गर्ने र टोलीलाई आवश्यकता अनुसार मार्ग दर्शन गर्ने ,

(ज) नगर कार्यपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने/ गराउने ।

(झ) उपभोक्ता हित विपरित कार्यमा आवश्यक कानुनी कारवाहीको लागि अनुसूची३ बमोजिमको ढाँचामा निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने ।

६.उपभोक्ता हित संरक्षणसमितिको बैठक सम्बन्धी कार्यबिधि

उपभोक्ता हित संरक्षण समितिको बैठक तीन महिनामा एक पटक अनिवार्य रूपमा बस्नु पर्नेछ र आवश्यकता परेमा कुनै बेला बैठक बस्न सक्नेछ । यसरी वैठक वस्दा कम्तीमा एक दिन अगाडि वैठकको सूचना सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद -३

## बजार अनुगमन सम्बन्धी व्यवस्था

**७.** वस्तु वा सेवाको दर्ता, आपूर्ति, भण्डारण, मूल्य, गुणस्तर, नापतौल लगायतका व्यापारिक क्रियाकलापलाई उपभोक्ता मैत्री बनाउन नगरपालिकाले निम्न व्यवस्था गर्नु पर्नेछ :-

(क) गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चिततासहित उपभोक्ताको हक र हितको संरक्षण गर्न कार्यालयमा उपभोक्ता हित संरक्षण इकाईको व्यवस्था गरी नियमित र प्रभावकारी बजार अनुगमनको व्यवस्था गर्ने,

(ख) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार तुल्याउन प्रचलित कानूनको कार्यन्वयनमा जोड दिने,

(ग) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई विशेष प्राथमिकतामा राख्ने,

(घ) उपभोक्तालाई सचेत र जागरूक तुल्याउन वडा समितिको कार्यालयदेखि नै उपभोक्ता सचेतना लगायतका कार्यक्रमहरु संचालन गर्ने,

(ङ) नगरपालिका अन्तर्गत स्थापित वा संचालित उद्योग व्यवसायको दर्ता, नवीकरण, बिल विजक तथा बिक्रीको लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबल, आपूर्ति, आदिको अनुगमन गर्ने,

(च) तरकारी, फलफूल, माछा,मासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्य वस्तुको बिक्री स्थलको मापदण्ड तोक्ने र छुट्टै फलफूल तथा तरकारी बजार र वधशालाको व्यवस्था गर्ने,

**८.** बजार अनुगमन टोली गठन :

१.वस्तु वा सेवा प्रदायक व्यवसायको दर्ता, नवीकरण, आपूर्ति, मुल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक त्रियाकलापको नियमित एंव आकस्मिक अनुगमनको लागि कार्यालयले बजार अनुगमन टोली गठन गर्नेछ ।

२. देहाय बमोजिमको अनुगमन टोली रहनेछ :

क. कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने इकाई प्रमुख - संयोजक

ख. सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि (उपलब्ध भएसम्म) - सदस्य

ग. स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि - सदस्य

घ. उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरु मध्येबाट प्रमुखबाट मनोनित एक जना - सदस्य

ड. उद्योग वाणिज्य संघको प्रतिनिधि(उपलब्ध भएसम्म)एक जना सदस्य - सदस्य

च. पत्रकार महासंघ/संचारकर्मी एक जना - सदस्य

छ. उपभोक्ता सरोकार सम्बन्धित अन्य कुनै ब्यक्ती वा संस्थाको प्रतिनिधिलाई आमन्त्रित सदस्य रुपमा राखिनेछ ।

३. अनुगमन टोलीमा कम्तीमा ५ जना प्रतिनिधि संलग्न भई बजार अनुगमन सम्बन्धी कार्य गरिने छ । तर कुनै विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयगत क्षेत्रको विज्ञ/प्रतिनिधि अनिवार्य रुपमा समावेश गराउनु पर्ने छ । ( विषयगत विज्ञ वा प्रतिनिधि भन्नाले जस्तै खाद्य वा कृषि उपजको लागि खाद्य निरीक्षक वा उपलब्ध नभएमा कृषि प्राविधिक बुझिने छ ।)

४. बजार अनुगमनका सिलसिलामा जिल्ला प्रशासन कार्यालय, तथा अन्य सम्बन्धित निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

५. उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा इकाइले मासिक रुपमा तोकिएको ढाँचामा बजार अनुगमनको एकीकृत प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

६. बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकारः-

बजार अनुगमन टोलीले प्रचलित कानुन बमोजिम देहाय अनुसारका कार्यहरू गर्नुपर्नेछः-

(क) उपभोक्ता हक, हित संरक्षणका लागि नियमित रुपमा स्थानिय बजार अनुगमन गर्ने गराउने,

ख) बजार अनुगमन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन प्रदेश बजार अनुगमन समिति संग समन्वय गर्ने,

ग) उपभोक्ता हक, हित गर्ने सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार, परिषद्, मन्त्रालय वा विभागले दिएको निर्देशन बमोजिम अनुगमन कार्यलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने, गराउने,

घ) अनुगमनको क्रममा उपभोक्ता हक, हित सम्बन्धी कानुनको पालना भएको नपाईएमा कानुन बमोजिम व्यवस्था कायम गर्नका लागी निश्चित अवधी तोकि उत्पादक वितरक वा बिक्रेतालाई आदेश दिने,

ङ) उपभोक्ता हक, हित विपरित कसुर हुने कुनै कार्य गरेको पाईएमा कारवाहीका लागी प्रमुख प्रशासकिय अधिकृत समक्ष लेखि पठाउने,

च) उपभोक्ता हक हित संरक्षणका लागी स्थानिय स्तरमा सचेतना अभिवृद्धि गर्ने

छ) अनुसूची ४ बमोजिमको ढाँचामा बजार अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्यतालिका बनाउने ।

ज) कार्ययोजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

झ) वस्तु वा सेवाको दर्ता, आपूर्ति, भण्डारण, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन, वस्तुको म्याद लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

ञ) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलीमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/ नभएको अनुगमन गर्ने,

ट) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट/गुणस्तरहीन) कमतौल भएको/ म्याद गुज्रेको देखिएमा/भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोवार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

ठ) उपभोक्ता हित संरक्षणसमितिबाट समय-समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने ।

ड) अनुसूची ५ बमोजिमको ढाँचामा बजार अनुगमन प्रतिवेदन ढिलोमा भोलिपल्ट कार्यालयमा पेश गर्नु पर्नेछ ।

७. बजार अनुगमन कार्यविधि :

१.बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा निम्न विषयमा विशेष ध्यान दिनु पर्नेछः

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानून बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाण-पत्र, खाद्य अनुज्ञा-पत्र, औषधी पसल दर्ता प्रमाण-पत्र लगायतका आवश्यक कागजातहरु लिएको छ/छैन हेर्ने । साथै प्रमाणपत्र नियमिति रुपमा नवीकरण भए/नभएको हेर्ने । प्रमाणपत्र नलिएको वा नवीकरण गरेको नदेखिएमा बढीमा ७ दिन भित्र सो कार्य गरी कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने ।

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ/छैन हेर्ने । नराखेको भए ३ दिनभित्रमा राखी कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने ।

(ग) प्रदायकले वस्तुको विक्रि कक्षमा मूल्य सूची राखेको छ /छैन हेर्ने । नराखेको भए ३ दिन भित्रमा राखि कार्यालयलाई सो को जानकारी दिन लिखित निर्देशन दिने ।

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठीक छ /छैन हेर्ने,

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन हेर्ने,

(च) औषधी वा औषधीयुक्त पदार्थ भए सो को प्याकिङ्ग प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने । औषधीविज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए/नभएको एवं औषधी विक्रेता प्रमाणपत्र समेत हेर्ने ।

(छ) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, बिस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू फेला परेमा नष्ट गर्ने,

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाइ गरेको छ/छैन हेर्ने । पुनः लेबलिङ्ग वा छपाइ गरेको पाइएमा त्यस्तो वस्तु जफत गर्ने,वस्तुको प्रकृति अनुसार मुचुल्का गरी नष्ट गर्ने,

(झ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटल बधशाला वा माछा मासु विक्रिस्थल सफासुग्घर र मापदण्ड अनुसार छ/छैन हेर्ने । नभएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने तथा अटेरी गरेमा तोकिए बमोजिम दण्ड जरिवाना गर्ने,

(ञ) विक्रेता वा क्रेतालाई वस्तुको विलविजक जारी गरेको छ/छैन हेर्ने । विल अनिवार्य गर्न निर्देशन दिने ।

ट) होटल तथा रेस्टुरेन्टको किचनको सरसफाई, कच्चा पदार्थको गुणस्तर, परिकार पकाउने प्रक्रिया, भाँडाकुँडा सरसफाई, टेबल तथा कुर्सीको सरसफाई, अखाद्य वस्तु रहे नरहेको आदि अनुगमन गरी तत्काल सुधारका लागि निर्देशन दिने ।

ठ) अनुगमन कार्यलाई असहयोग गर्ने, सूचना लुकाउने, निर्देशन पालना नगर्ने व्यवसायीलाई कार्यालयमा उपस्थित हुन सूचित गर्ने ।

ड) अनुगमनका क्रममा उक्त व्यवसाय संचालन गरिरहँदा उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पर्ने देखिएमा त्यस्ता व्यवसाय तत्काल शील्ड गरी छोड्ने । त्यस्तो कामको लागि अनुसूची ६ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्ने ।

२. नगरपालिकाले अनुसूची-७ मा उल्लेखित वस्तु र सेवाको अनुगमन गर्न उपभोक्ता हित संरक्षण हेर्ने इकाईलाई लिखित कार्य विवरण दिई जिम्मेवारी तोक्नु पर्नेछ । सोही आधारमा बजार अनुगमन टोलीले बजार अनुगमन सम्बन्धी कार्य गर्नु पर्नेछ ।

## परिच्छेद-४

## उजुरी सम्बन्धी व्यवस्था

८. **उजुरी दिन सक्नेः**

(क) कुनै वस्तु वा सेवाको विक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनी कुनै पनि व्यक्तिले कार्यालय प्रमुखलाई देहायका विवरण खुलाई लिखित उजुरी दिन सक्नेछ,

१) स्वच्छ प्रतिस्पर्धा विपरीतको काम कारबाही गर्ने व्यक्ति वा प्रतिष्ठानको नाम र ठेगाना,

२) स्वच्छ प्रतिस्पर्धा विपरीत भएको काम कारबाही र सो काम कारबाही भएको स्थान तथा मिति,

३) स्वच्छ प्रतिस्पर्धा विपरित काम कारबाहीबाट भएको वा हुन सक्ने हानी नोक्सानीको विवरण,

४) उजुरीलाई पुष्टि गर्ने प्रमाण,

५) उजुरीकर्तालाई उजुरीको सम्बन्धमा जानकारी भएको अन्य व्यहोरा,

६) उजुरीकर्ताले आफ्नो नाम गोप्य राख्न चाहेमा सो व्यहोरा,

७) उजुरीकर्ताको नाम, थर र वतन ।

(ख) उपदफा (क) बमोजिमकोनिकायले दिएको उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त समाचारलाई उजुरीको रूपमा ग्रहण गर्नेछ,

(ग) उपदफा (क) वा (ख) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा सो लाई समेत उजुरीको रूपमा ग्रहण गरी बजार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ,

(घ) उपदफा (ग) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा विक्रेता वा सेवा प्रदायकले प्रचलित कानून वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारवाही चलाउनु पर्नेछ,

(ङ) उपदफा (घ) बमोजिम अनुगमन टोलीले गरेको काम कारवाहीमा चित्त नबुझेमा विक्रेताले प्रचलित कानुन बमोजिम न्यायिक समितिमा  लिखित रुपमा उजुरी दिन सक्नेछ ।

## परिच्छेद-५

## अनुगमन सम्बन्धी प्रकृया

९. **अनुगमनको पूर्व तयारी :** अनुगमन टोलीले अनुगमन गर्नुपूर्व देहायको तयारी गर्नु पर्नेछ :

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयको पहिलो अनुगमन गर्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ ।

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित ऐन नियमहरू, विवरण र अनुसूची ५ बमोजिमको चेकलिस्ट साथै लिइ जानुपर्नेछ ।

(ग) वस्तु तथा सेवाको आपूर्ति, विक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्नेछ ।

(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्नेछ ।

ङ ) टोली प्रमुखले अनुगमन टिमका सदस्यहरुलाई आचार संहिताबारे अनशिक्षण गर्नु पर्नेछ ।

१०. **बजार अनुगमन गर्ने प्रकृयाः**

(क) बजार अनुगमन गर्दा अनुगमनमा खटिई जाने व्यक्तिले आफ्नो परिचय पत्र देखाई बजार अनुगमन गर्नुपर्नेछ । अनुगमन टोलीका संयोजकले अनुगमनको आवश्यकता बारे जानकारी गराउनु पर्नेछ र सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा बिरोध गरेमा बाधा बिरोध गर्नेलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ ।

(ग) अनुगमन टोलीले बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमूना संकलन गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम नमूना संकलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको स्थलगत मुचुल्का अनुसूची ८ बमोजिम बनाउनु पर्नेछ । सम्बन्धित व्यवसायीले मुचुल्का दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलबन्दी समेत गरी परीक्षणको लागि यथासिघ्र सम्बन्धित निकायमा नमूना सहित लेखी पठाउनुपर्नेछ ।

(घ) अनुगमन टोलीले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधी तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ ।

(ङ) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणको रूपमा सुरक्षित राखी अरू प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरूको रोहवरमा अनुसूची ९ बमोजिम मुचुल्का तयार गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्नेछ । संकलित नमूना आवश्यकता अनुसार परिक्षणका लागि प्रयोगशालामा पठाउन सकिनेछ ।

(च) मानव स्वास्स्थ्यमा प्रतिकुल असर पर्ने कुनै वस्तु तत्काल बरामद नगरेमा व्यापारिक क्रियाकलाप हुने देखिएमा अनुसूची १० बमोजिमको मुचुल्का तयार गरी बरामद गर्नुपर्नेछ ।

**(११) दण्ड जरिवाना :**

(क) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको अनुसूची ११ बमोजिमको मुचुल्का तयार पारी नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ । खानतलासीबाट वस्तु वा सेवाको विक्रीवितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकताअनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ तथा त्यस्ता बस्तु अनुगमन टोलीले कब्जामा लिई नियमानुसार कार्यवाही बढाउने छ ।

(ख) अनुगमन गर्दा कुनै कानूनी कारवाही गर्नुपर्ने देखिएमा अनुगमन टोलीले सम्बन्धित व्यवसायीसँग तुरून्त लिखित स्पष्टीकरण माग गर्न सक्नेछ ।

(ग) अनुगमन टोलीको प्रतिवेदन वा नमूना परीक्षणबाट गर्दा मुद्दा दायर गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम अनुसन्धान तहकिकातको लागि निरीक्षण अधिकृत तोक्ने गरी मुद्दा दायर गर्न समितिबाट निर्णय गराई यथाशिघ्र अभियोजन अधिकारी समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्नेछ ।

(घ) उपदफा (ग) बमोजिम लेखी आएमा सम्बन्धित अधिकारीले प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा मुद्दा दायर गर्नुपर्नेछ ।

(ङ) उपदफा (क) बमोजिम अनुगमन टोलीले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यवसायीले नै व्यहोर्नु पर्नेछ ।

(च) अनुगमन गरिएका माल वस्तुको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनुपर्ने भएमा खाद्य नियमावली, २०२७ को नियम १० वा उपभोक्ता संरक्षण नियमावली, २०७६ को नियम ५ बस्तु तथा सेवाको गुणस्तर मापदण्ड निर्धारण गर्ने, नेपाल गुणस्तर ऐन, २०३७ वा प्रचलित कानून बमोजिम नमूना संकलन गर्नुपर्नेछ ।

(छ) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नुपर्ने भएमा खाद्य नियमावली २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०७६ को नियम १३ बमोजिम बस्तु तथा सेवाको मुल्य सुची राख्ने, वा नेपाल गुणस्तर ऐन २०३७ र स्ट्याण्डर्ड नापतौल ऐन २०२५ वा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

(ज) वस्तु वा मालसामान सिलबन्दी गर्नुपर्दा खाद्य नियमावली, २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०७६ को नियम १२ बमोजिम बस्तु तथा सेवाको मुल्यको मापदण्ड निर्धारण, नेपाल गुणस्तर ऐन, २०३७, स्ट्याण्डर्ड नापतौल ऐन, २०२५ वा प्रचलित कानून अनुसार गर्नुपर्नेछ ।

(झ) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन टोलीले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलवन्दी गर्न सक्नेछ । यसरी सिलबन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधी दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सकिनेछ ।

(ञ) उपदफा (झ) बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्यहरू गरी सिलबन्दी हटाई पाउँ भनी कार्यालयमा निवेदन दिएमा कार्यालयको टोलीले बजार अनुगमन गराई सुधार भएको पाइएमा सिलबन्दी हटाई दिन सक्नेछ । सुधार भएको नपाइएमा कानून बमोजिम कारवाही अगाडि बढाउनेछ ।

(ठ) वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप (Unfair Trade Practices), कानूनद्धारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप (Restrictive Trade Practices) र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप (MonopolisticTrade Practices) भए नभएको विषयमा समेत अनुगमनका क्रममा हेर्नुपर्नेछ ।

## परिच्छेद -६

## आचार संहिता

१२. **आचार संहिताः** बजार अनुगमन गर्न जाने अनुगमन टोलीले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन,

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने विक्रेता व्यवसायीबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन,

(घ) अनुगमन गर्न जाँदा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नुहुँदैन,

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन,

(च) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्वगर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरूको जानकारी दिनु हुँदैन् ,

(छ) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरू प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्नेछ र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन ,

(ज) अनुगमन टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारबाही गर्न सकिनेछ,

(झ) मानव अधिकारवादी संघसंस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन् । तरसामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्धारा नै कार्य सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद -७
## विविध

**१६. बजार अनुगमन समितिको कार्यक्रम तथा बजेटः**

(क) नगर कार्यपालिकाले आफ्नो स्रोत साधन र जनशक्ति प्रयोग हुने गरी बजार अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ बार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ,

(ख) नेपाल सरकारबाट बजार अनुगमनका लागिअनुदान प्राप्त भएको रकम सोही अनुसार कार्यक्रममा समावेश गर्नुपर्नेछ,

(ग) बार्षिक कार्यक्रममा उपभोक्ता सचेतनाको कार्यक्रम समावेश गर्नुपर्नेछ,

(घ) बजार अनुगमनको क्रममा नमूना संकलन गर्दा प्रदायकलाई वस्तुको मूल्य भूक्तानी गरी बील लिनु पर्ने हुन्छ,

(ङ) बजार अनुगमन टोलीमा खटिएका व्यक्तिहरूलाई प्रचलित कानून बमोजिमको दररेटमा खाजा वापत भत्ता उपलब्ध गराउनुपर्नेछ ।

**१७. स्थानीय प्रशासनको कर्तव्यः** बजार अनुगमन गर्दा अनुगमन टोलीले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

**१८. असल नियतले गरेका काम बचाऊः** यस निर्देशिका बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कानून बमोजिमका कामको सम्बन्धमा टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन ।

**१९. प्रचलित कानुन बमोजिम हुने:**

(क) यस निर्देशिकामा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुऱ्याएको मानिने छैन ।

**२०. आकस्मिक निरिक्षण तथा अनुगमन गर्न सक्ने**

उपभोक्ताको हक हित संरक्षणका लागि बजारको आकस्मिक निरिक्षण तथा अनुगमन प्रमुख प्रशासकिय अधिकृतले गर्न सक्नेछ ।

**२१. दण्ड सजायः**

प्रचलित कानून (उपभोक्त हित संरक्षण ऐन नियम, खाद्य ऐन नियम, औषधी बिक्री वितरण सम्बन्धी ऐन नियम, कालो बजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, मासु जाँच ऐन, लगायतका)अधिनमा रही बजार अनुगमनबाट दोषीपाइएका व्यवसायी उपर कानुनी कारवाही र दण्ड सजाय गर्नुपर्नेछ ।

**२२. प्रतिवेदनः**

(क) बजार अनुगमनको मासिक प्रगति प्रतिवेदन अनुसूची-२ अनुसार तयार गर्नुपर्नेछ ।उक्त प्रतिवेदन महिना सकिएको ७ दिनभित्र कार्यालयमा पेश गर्नुपर्नेछ ।

२३. **<u>बाधा अड्काउ फुकाउने अधिकार:</u>** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमानगर कार्यपालिकाले उपभोक्ता हित संरक्षण तथा मूल्याङ्कन समितिको वैठक बमोजिम बाधा अड्काउ फुकाउन सक्नेछ ।

२४. **संशोधन**:यस निर्देशिकामा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाको हुनेछ ।

२५. **खारेजी र बचाउः** भानु नगरपालिकाबाट जारी गरिएको बजार अनुगमन निर्देशिका २०७६ खारेज गरिएको छ ।

अनुसूची १

दफा ५ को खण्ड ख सँग सम्बन्धित

**बस्तुहरुको माग र आपूर्तिको अवस्थाको प्रक्षेपण फारम**

| क्र.सं. | वस्तुको नाम | गत आ.ब.को यस अवधिको खपत | अनुमानित वस्तुको आबश्यक संख्या | बजारमा उपलब्ध संख्या | नपुग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

...............................

**अनुगमन टोली संयोजक**

# अनुसूची -२

## (दफा ८ को उपदफा ४सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

भानु नगर कार्यपालिकाको कार्यालय,

भानुतनहुँ ।

**विषयः- बजार अनुगमनको मासिक प्रतिवेदन ।**

................ साल ................महिनामा निम्न स्थानहरूमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको क्षेत्र/प्रकृति/ वस्तुहरू | अनुगमनको विवरण (परिणाम, अवस्था र अन्य कुरा) व्यवसायिक प्रतिष्ठान संस्था | सामानको जफत/ बरामदी नाम /परिमाण | नष्ट गरिएको वस्तु/परिमाण नाम परिमाण | सिलबन्दी गरिएको मात्रा/ संख्या | गरिएको नमुना संकलन मात्रा/संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

अनुगमन टोलीका पदाधिकारीको

| क्र सं. | नाम थर | पद | हस्ताक्षर | मिति |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

## अनुसूची ३
## दफा ५ को उपदफा झ मा व्यवस्था भए बमोजिम
## निरीक्षण तथा अनुसन्धान अधिकृत तोकिने ढाँचा

मिति :....................

श्री ......................,

................................।

विषय : निरीक्षण /अनुसन्धान अधिकृत तोकिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा भानु नगरपालिकाको बजार अनुगमन निर्देशिका २०८० को दफा ५ को उपदफा झ मा व्यवस्था भए बमोजिम तपाँइलाई निरीक्षण /अनुसन्धान अधिकृत तोकिएको छ । प्रचलित कानूनको अधिनमा रही ....................................................... संस्था/पसल/फर्म वा ........................ मा ............. ............................. उजुरी पर्न आएकोले सो उपर छानविन गरी प्रतिवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

निरीक्षण /अनुसन्धान अधिकृत तोकिनुभएकोमा हार्दिक बधाई छ ।

तपाईलाई सहयोग गर्नका लागि देहायका कर्मचारीहरु रहनेछन् ।

१....................................................

२........................................................

३...........................................................

.................................

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ४

### दफा ८ को उपदफा ६ (क) मा व्यवस्था भए बमोजिम

| क्र सं | क्रियाकलाप | महिना | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बैशाख | जेष्ठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

## अनुसूची - ५

**(दफा ६ सँग सम्बन्धित)**

**दैनिक बजार अनुगमन फारम/चेकलिस्ट**

(बजार अनुगमन फारमको प्रमाणित प्रति सम्बन्धित व्यवशायीलाई दिनु पर्नेछ) मितिः

व्यापारिक प्रतिष्ठानको नामः श्री

ठेगानाः

प्रोपाइटर वा फर्मधनीको नामः

फोन नं.:

यस कार्यालयको नेतृत्वमा खटिएको बजार अनुगमन टोलीबाट तपाईको विक्रीस्थल/गोदाम/उद्योगको निरीक्षण गर्दा निम्न अनुरूपको स्थिति भेटिएकोले देहायअनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ ।

| क्र.सं. | विवरण | भएको | नभएको | टोलीबाट दिइएको निर्देशन |
|---|---|---|---|---|
| १. | मूल्य-सूची | | | |
| २. | साइनबोर्ड | | | |
| ३. | व्यवसायदर्ता/नवीकरण | | | |
| ४. | नापतौलको प्रमाण | | | |
| ६. | लेबलमाखुलाउनुपर्ने कुराहरू स्पष्ट उल्लेख भए/नभएको | | | |
| ७. | म्याद नाघेको सामाग्री | | | |
| ८. | स्थायी लेखा (एब्ल) नम्बर/ख्वतमादर्ता | | | |
| ९. | बिक्री बिल दिने प्रक्रिया भए/नभएको | | | |
| १०. | खाद्य अनुज्ञा-पत्र (खाद्य उद्योगको लागि) | | | |
| ११. | मासुको गुणस्तर सन्तोषजनक भए/नभएको (मासु पसलका लागि) | | | |
| १२. | मिठाईको गुणस्तर लगायतका पक्षहरू सन्तोषजनक (मिठाई पसलका लागि) | | | |
| १३. | ग्याँसको तौल, मूल्य लगायतका विषय सन्तोषजनक | | | |
| १४. | खरिद बिल/नभएको | | | |
| १५. | यस अगाडिको निर्देशनमा पालना | | | |
| १६. | अन्य कैफियतपूर्ण स्थिति (खुलाउने) | | | |

एक पटक दिइएका निर्देशनहरू पुनः अनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुनेछ ।

निरीक्षण टोली

१. संयोजक श्री .............................

२. सदस्य श्री .............................

३. सदस्य श्री .............................

४. सदस्य श्री .............................

५. सदस्य श्री.............................

....................................

मथि उल्लेखित विवरण ठीक छ भनी उत्पादक/बिक्रेताको नाम र सही

प्रतिष्ठानको छाप

## अनुसूची - ६

**(दफा ७ सँग सम्बन्धित)**

## मुचुल्का

..................... जिल्ला ....................गाउपालिका./नगरपालिका उ.प.न.पा./म.न.पा. .................. वडा नं. ...... टोल.......मा खडा गरेको घटनास्थल /बरामदी/खानतलासी/शिलछाप लगाएको मुचुल्का:-

१. उजुरी वा सूचनाको छोटकरी विवरण:-

२. चार किल्ला सहित खानतलासी/बरामदी गरिएको चिज वस्तुको नमुना तथा ठाउँको विवरण:-

३. बरामद भएको सामान/दसीको विवरण/शिलछाप गरिएको विवरण:-

(क)

(ख)

(ग)

(घ)

(ङ)

४. खानतलासी/बरामदी भएको देखे बमोजिम सहि छाप गर्ने साक्षी:- (नाम, वतन समेत)

(क)

(ख)

(ग)

५. रोहबरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सहिछाप:-

(क)

(ख)

(ग)

६. निरिक्षण टालीलेले मेरो उद्योग, गोदाम,पसलमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन । माथि प्रकरण ३ मा उल्लेख भएको चिज वस्तु तथा सामानहरू ....... उद्योग, गोदाम,पसलबाट बरामद भएको हो । साथै टोलीले लगाएको सिल थान......छाप भएको ठिक साँचो हो भनि सहिछाप गर्ने:-

(क)

(ख)

(ग)

७. कार्य तामेली गर्नेः-

(क)

(ख)

(ग)

मितिः-

समयः-

## अनुसूची -७

## (दफा ७ सँग सम्बन्धित)

**(अ) अनुगमन गरिने वस्तुको वर्गिकरणः** बजार अनुगमनको क्रममा बिभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नु पर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गिकरण गरिएको छ ।

**समूह "क" -खाद्यान्न माछा/मासुजन्य/तरकारी फलफूल/दैनिक उपभोग्य**

(१) खाद्यान्न तथा खाद्य पदार्थहरू नून, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि ।

(२) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू,

(३) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ,

(४) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,

(५) खाद्य पदार्थ विक्री वितरण गरिने विक्रीस्थल र भण्डारगृह वा संचय स्थल,

(६) खाने तेल, घिउ (वनस्पती घिउ समेत),

(८) दुध तथा दुग्ध पदार्थहरू र दुध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिक पाउचहरू,

(९) माछा, मासु, अण्डा,

(१०) मसलाजन्य पदार्थहरू (जिरा, मरिच, अदुवा, लसुन, धनिया, बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानी लगायतका मसलाको रूपमा उपभोग गरिने पदार्थहरू)

**समूह "ख" औषधी एवं स्वास्थ्य सेवा**

(१) औषधी तथा औषधीजन्य पदार्थहरू (पशुपंक्षी औषधी तथा जडिबुटीमा आधारित औषधी समेत),

(२) औषधी उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरिने स्थल,

(३) अस्पताल, नर्सिङहोम, क्लिनिक आदि स्वास्थ्य सेवा प्रदायक सस्थाहरु ।

**समूह "ग" रासायनिक मल/विषदी/विउ बिजन/कृषि औजारः**

(१) पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरू समेत,

(२) रासायनिक मल, विषादी, बिउविजन, कृषि औजारहरु,

**समूह "घ"इन्धनः**

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थकोनापतौल, गुणस्तर मूल्य तथा मापदण्डहरूको परिपालना,

**समूह "ङ" निर्माण सामाग्रीः**

(१) ढुङ्गा, इटा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल ।

**समूह "च" शैक्षिक सामाग्रीः**

(१) पाठ्य सामग्री, स्टेशनरी लगायतका शैक्षिक सामाग्रीहरु ।

(२) शिक्षा निर्देशिका अनुसार विद्यालयहरुको शूल्क आदि ।

**समूह "छ" होटल/लज/रेष्टुरा/खाजाघर/चमेना गृह/लजः**

(१) होटल/रेष्टुरा/खाजाघर/चमेना गृह/लजको सरसफाइ तथा अन्य व्यवस्थापन

(२) प्रशोधित र अप्रशोधित वस्तुहरुको भण्डारण

(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरूमा बिक्री हुने पकवान तथा प्याकेजिङ्ग गरी बिक्री हुने खाद्य पदार्थहरू, हल्का पेय पदार्थहरू, मदिराजन्य पदार्थ,

**समूह "ज" सुर्तिजन्य पदार्थः**

(१) सुपारी, पानपराग, सुर्ती, विडी, चुरोट तथा सुर्तीजन्य पदार्थ ।

**समूह "झ" नाप तौलः**

(१) ढक, तराजु लगायतका नापतौलमा प्रयोग हुने उपकरणहरू ।

**समूह "ञ" पशुपंक्षी हाट बजारः**

(१) पशुपंक्षी हाटबजार तथा बिक्री स्थल ।

**समूह "ट" सौन्दर्य सामाग्रीः**

(१) विभिन्न प्रकारका सौन्दर्य सामाग्रीहरु

(२) व्यूटि पार्लर/सैलुन आदि ।

**समूह "ठ" विद्युतीय सामानहरुः**

(१) विद्युतीय सामानहरू,

(२) इलेक्ट्रनिक्स सामानहरू ।

**समूह "ड" रङ्ग/रोगनः**

(१) विभिन्न कम्पनिका भवन सम्बन्धि रङ्ग र रङ्ग रोगन संबन्धी सामाग्रीहरु ।

**समूह "ढ" गरगहना :**

(१) सुन, चाँदि, हिरा, मोती, जवाहरत तथा सो बाट निर्मित गरगहनाहरुको नापतौल एंव गुणस्तर ।

**समूह "ण" सवारी साधन**

(१) ट्याक्सी मिटर शुल्क र रिक्सा, नगरबस आदिको भाडा आदि ।

**समूह "त" अन्यः** (१) अन्य उपभोग्य वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्री स्थलहरू,

**(आ) अनुगमन गरिने सेवाको विवरणः**

(१) व्यापारिक सेवा

(२) संचार सेवा,

(३) स्थल यातायात तथा हवाई सेवा,

(४) बिद्युत सेवा,

(५) खानेपानी सेवा,

(६) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरू,

(७) स्वास्थ्य सेवा,

(८) शिक्षा सेवा,

(९) वित्तिय सेवाहरु ।

**अनुसूची ८**

**दफा १० को खण्ड (ग) मा व्यवस्था भए बमोजिम**

**वस्तु वा सेवाको परीक्षण सूची तथा नमूना संकलन ढाँचा**

भानु नगरपालिकाको अनुगमन निर्देशिका २०८० बमोजिम गठित अनुगमन तथा निरीक्षण टोलीका प्रमुख श्री ......................... सहितको टोलीले तनहुँ जिल्ला भानु नगरपालिका वडा नं. ... स्थित ........................ उद्योग /कम्पनी /संस्था/फर्म/ पसल/................. बाट संकलन गरेको देहायका वस्तुको नमूना ......................... प्रयोगशालामा परीक्षण गर्दा मापदण्ड बमोजिमको नभई गुणस्तरहीन भएको कुरा प्रतिवेदनबाट प्रमाणित भएकाले जफत गरी पुन प्रयोग गर्न नसक्ने गरी ..................... तरीकाले नष्ट गरिएको व्यहोरा साँचो हो ।

नष्ट गरिएको वस्तु

| क्र.सं. | वस्तुको नाम | परिमाण | एकाई | दर रु | जम्मा | व्याच नं | उत्पादक कम्पनी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

काम तामेल गर्ने

रोहवर

वस्तुको धनी वा सम्बन्धित उत्पादक वा विक्रेताको सहीछाप

अनुगमन टोली प्रमुख वा निरीक्षण अधिकृतको

नाम

दस्तखत

नाम थर

इति सम्बत ............ साल ...........महिना .............. गते ................रोज शुभम् ।

# अनुसूची – ९

## (दफा १० साग सम्बन्धित)

## मुचुल्का

तनहुँजिल्लाभानु नगरपालिका वडा नं. ...... टोल..............................मा रहेको .....................................मा यस अनुगमन टोलीले अनुगमन गर्दा तपशिलका वस्तुहरु तत्काल नष्ट नगरेमा जनस्वास्थ्यमा असर पर्ने देखिएकोले तपशिलका व्यक्तिहरुको उपस्थितिमा नष्ट गरिएको मुचुल्काः-

१. नष्ट गरिएको वस्तुहरुको

| क सं. | वस्तुको नाम | नष्ट गर्नुपर्ने कारण | परिमाण | नष्ट गरिएको तरिका | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

२. वस्तु नष्ट गरिएको स्थान तथा ठाउँको विवरणः-

३. रोहबरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सहिछापः-

(क)

(ख)

(ग)

४. निरिक्षण टालीलेले मेरो उद्योग, गोदाम,पसलमा अनुगमन गर्दा  कुनै सामान हिनामिना भएको छैन । माथि प्रकरण १ मा उल्लेख भएको चिज वस्तु तथा सामानहरू ...................... उद्योग, गोदाम,पसलबाट नष्ट गर्नुपर्ने भएकोले सोहीअनुसार भएको हो ।सहिछाप गर्नेः-

७. कार्य तामेली गर्नेः-

(क)

(ख)

(ग)

मितिः-

समयः-

## अनुसूची १०

## दफा १० को खण्ड (च) मा व्यवस्था भए बमोजिम

## बरामदी मुचुल्काको ढाँचा

तनहुँ जिल्ला भानु नगरपालिका वडा नं. ...... स्थित............. स्थानमा ..................... नाममा रहेको व्यवसायले जारी गरी आएको कारोबारको भानु नगरपालिकाको अनुगमन निर्देशिका २०८० को दफा ...... बमोजिम निरीक्षण जाँचबुझ वा खानतलासी गर्नुपर्ने भएकोले तपाइको स्वामित्व भोगचलन जिम्मा वा नियन्त्रणमा रहेको यस उद्योग कम्पनी संस्था /............... स्थानमा अधिकार प्राप्त हाकी तपशिल बमोजिमका व्यक्तिले सम्बन्धित धनीबाट वा निजको प्रतिनिधिबाट हाम्रो जीउ तलासी गराई उल्लेखित स्थानको निरीक्षण वा जाँचबुझ वा खानतलासी गरि देहाय बमोजिमको विवरण सहित यो मुचुल्का तयार गरीएको छ।

**तपशिल**

१ उजुरी / सूचनाको छोटकरी विवरण

२ खानतलासी गरिएको घरजग्गा चार किल्ला सहित र वस्तको विवरण

३ बरामद भएका वस्तु कागजातको विवरण

| क्र.सं | वस्तुको विवरण | परिमाण | एकाइ | मूल्य दर रु | व्याच नं | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

४ खानतलासी लिइएको घर जग्गा ठाँउ वस्तु वा सेवा व्यवसायको धनी वा निजको एकाघरको व्यक्ति वा प्रतिनिधि

नाम थर ठेगाना

दस्तखत

**अनुसूची ११**

**दफा ११ को खण्ड (क) मा व्यवस्था भए बमोजिम**

**खानतलासी मुचुल्काको ढाँचा**

तनहुँ जिल्ला भानु नगरपालिका वडा नं. ...... स्थित............. स्थानमा ..................... नाममा रहेको व्यवसायले जारी गरी आएको कारोबारको भानु नगरपालिकाको अनुगमन निर्देशिका २०८० को दफा ...... बमोजिम निरीक्षण जाँचबुझ वा खानतलासी गर्नुपर्ने भएकोले तपाइको स्वामित्व भोगचलन जिम्मा वा नियन्त्रणमा रहेको यस उद्योग कम्पनी संस्था /............... स्थानमा अधिकार प्राप्त हाकी तपशिल बमोजिमका व्यक्तिले सम्बन्धित धनीबाट वा निजको प्रतिनिधिबाट हाम्रो जीउ तलासी गराई उल्लेखित स्थानको निरीक्षण वा जाँचबुझ वा खानतलासी गरि यो मुचुल्का तयार गरी पेश गरेका छौं ।

तपशिल

१ खानतलासी गर्न प्रवेश गर्ने व्यक्तिको जीउ तलासी लिने व्यक्तिको नाम थर ठेगाना

क ..................................

ख .................................

२ निरीक्षण जाँचबुझ वा खानतलासीको संक्षिप्त व्यहोरा

३ माथि उल्लेखित व्यहोरा ठीक साँचो हो भनी सही छाप गर्नेको नाम थर ठेगाना

क. घर धनी/ वस्तु वा व्यवसायको धनी वा निजको प्रतिनिधी

ख. स्थानीय प्रतिनिधि सम्भव भएसम्म

४ काम तामेल गर्नेको

दस्तखत नाम थर

दस्तखत नाम थर

५ निरीक्षण अधिकृतको

दस्तखत

नाम थर